# सानिमा बैंकको छात्रबृत्तिको लागि आवेदन गर्ने सूचना

सानिमा बैंकले विगत ६ वर्ष देखि काठमाण्डौं उपत्यका बाहिर रहेका प्रत्येक शाखाहरुबाट ११ तथा १२ का लागि २-२ जना विद्यार्थीहरुलाई विद्यार्थीकै रोजाईको शैक्षिक संस्था र विषयमा उच्च शिक्षा हासिल गर्न छात्रबृत्ति प्रदान गर्दै आइरहेको छ । बैंकले गत वर्ष काठमाण्डौं उपत्यका बाहिरका हरेक शाखाबाट ४ जना विद्यार्थीहरुलाई शैक्षिक संस्थामा लाग्ने शुल्कहरु तथा शैक्षिक सामाग्रीहरुका अतिरिक्त मासिक रु २,०००/- नगद वृत्ति प्रदान गरेको थियो ।

सोहि छात्रवृत्तिलाई निरन्तरता दिदैं यस बैंकले उच्च माध्यमिक तह (प्लस टु) अध्ययन गर्नका लागि काठमाण्डौं उपत्यका बाहिर सानिमा बैंकका शाखा रहेका नगर/गाउँ पालिकाका स्थायी बासिन्दाहरु मध्येबाट २०७४ सालमा सञ्चालित एस.इ.इ. परिक्षामा न्युनतम सी ग्रेड प्राप्त गरि उत्तीर्ण गर्ने गरीब तथा विपन्न परिवारका विद्यार्थीहरु मध्येबाट आवेदन गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । छात्रवृत्तिको रकम प्रति वर्ष प्रति विद्यार्थी रु. ५०,०००/- सम्मको हुनेछ । जसमा मासिक खर्चका लागि प्रति महिना रु. २,०००/- नगद वृत्ति समावेश हुनेछ ।

**छात्रवृत्ति सम्बन्धी जानकारी**

१) आवेदक शाखा रहेका नगर/गाउँ पालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ ।

२) आवेदक गरीब तथा विपन्न परिवारको हुनुपर्नेछ ।

३) आवेदकले सोहि नगर/गाउँ पालिका भित्रको सरकारी/सामुदायिक विद्यालयमा निरन्तर विगत तीन वर्ष अध्ययन गरी पहिलो प्रयासमा नै एस.इ.इ परिक्षामा न्युनतम सी ग्रेड प्राप्त गरेको हुनुपर्नेछ ।

४) सोहि नगर/गाउँ पालिका भित्र रहेको उच्च माध्यमिक शैक्षिक संस्थामा उपलब्ध विषय/संकाय अध्ययन गर्नुपर्नेछ । शैक्षिक संस्था तथा संकाय आवेदक आफैले छनौट गर्नुपर्नेछ ।

५) आवेदकले अध्ययन गर्न इच्छाएको शैक्षिक संस्थाले आवेदकलाई भर्ना लिने निश्चित भएपछि मात्र छात्रवृत्ति प्रदान गरिनेछ ।

६) आवेदक पूर्णकालीन छात्र/छात्राको रुपमा रहनुपर्नेछ ।

७) आवेदकहरु मध्येबाट सबैभन्दा गरीब तथा विपन्न उम्मेदवारको छनौट बैंकले गठन गरेको स्थानिय व्यक्तिहरु सदस्य रहेको सिफारिस समितिले गर्नेछ । समितिले आवेदक वा निजका परिवारका सदस्यहरुको अन्तवार्ता लिन सक्नेछ ।

८) छात्रवृत्ति शैक्षिक संस्थामा भर्ना भएको मिति देखि लागु हुनेछ ।

९) निवेदकले हाल अन्य कुनै पनि छात्रवृत्ति नपाएको हुनुपर्नेछ ।

१०) आवेदन फारम बैंकको शाखा कार्यालयबाट निःशुल्क उपलब्ध हुनेछ ।

११) आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरुः

- एक प्रति पासपोर्ट साइजको फोटो
- एस.इ.इको मार्कशिट र चारीत्रिक प्रमाणपत्र
- आवेदकले बिगत तीन वर्ष देखि शाखा रहेका नगर/गाउँ पालिका भित्र रहेका सरकारी/सामुदायिक विद्यालयबाट निरन्तर अध्ययन गरेको प्रमाण पत्र
- बाबु वा आमाको नागरिकताको प्रतिलिपि

**१२) आवेदन फाराम भर्ने अन्तिम मितिः २०७५ श्रावण ३१ गते कार्यालय समय भित्र ।**

**१३) तल उल्लेखित शाखाहरुबाट छात्रवृत्ति उपलब्ध गराइएको छ ।**

| | | | |
|---|---|---|---|
| अमरगढीः ०९६-४१०२८६ | अमरसिंहः ०६१-४३२२२५ | बागमतीः ९८४६५५१४१६ | बगरः ०६१-५५१६३५ |
| बनेपाः ०११-६६४०५१ | बेलबारीः ०२१-५४६०८२ | भण्डाराः ०५६-५५०६५६ | बिदुरः ०१०-५६१९१३ |
| विराटनगरः ०२१-५२१८९० | बिरौटाः ०६१-४६७६४० | विरेन्द्रनगरः०८३-५२५३४६ | विरगंजः ०५१-५२९१८५ |
| बिर्तामोडः ०२३-५४४५०५ | बुटवलः ०७१-५४५४९७ | दमकः ०२३-५८५१६१ | दमौलीः ०६५-५६२५८१ |
| धादिङबेसीः ०१०-५२०९६७ | धनगढीः ०९१-४१६४८१ | धरानः ०२५-५२२०५४ | डुङ्गेश्वरः ९८५१०८१०२३ |
| गाईघाटः ०३५-४२१८४९ | घोराहीः ०८२-५६२९६४ | हरिवनः ०४६-५३०५०८ | हेटौंडाः ०५७-५२७३७३ |
| ईलामः ०२७-५२०९५५ | इनरूवाः ०२५-५६१७४७ | ईटहरीः ०२५-५८७५७१ | जनकपुरः ०४१-५३०४७२ |
| कलैयाः ०५३-५५१९४२ | खाँदबारीः ०२९-५६०९८६ | किस्पाङः ९८१८८१८८५० | लाहानः ०३३-५६२४०६ |
| लालबन्दीः ०४६-५०१५९० | महेन्द्रनगरः ०९९-५२१२४९ | माईः ०२७-४१२२०४ | मान्मः ०८७-४४०१२६ |
| म्याङ्लुङ्गः ०२६-४६०७३४ | नारायणगढः ०५६-५७१९५९ | नौबिसेः ०१०-४०१०१४ | नेपालगंजः ०८१-४१५०५७ |
| पोखराः ०६१-५२५०४२ | राजविराजः ०३१-५२३१०८ | तानसेनः ०७५-५२२८०८ | टिकापुरः ०९१-५६१००० |
| सिद्धार्थनगरः ०७१-५२१८८१ | शिवपुरीः ९८४९११७९३३ | टिमुरेः ०१०-५४३०७० | तुलसीपुरः ०८२-५२३४१६ |

नोटः बैंकको उपत्यका बाहिरका नयाँ शाखाहरू बाट पनि छात्रवृत्ति उपलब्ध गराइने छ ।

**१४) अन्य जानकारीका लागि मुख्य कार्यालय "अलकापुरी" नक्साल तथा सम्बन्धित शाखाहरुमा सम्पर्क राख्न सक्नुहुनेछ ।**

**SanimaBank**

www.sanimabank.com

पो.ब.नं.ः २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौ, फोनः +९७७-१-४४२८९७९, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलःsanima@sanimabank.com